## ४४ औं कार्यपालिका निर्णयहरु (मिति २०८१।०९।२०)

प्रस्ताब नं.१. नगर सभाको मिति तय सम्बन्धमा।

निर्णय नं.१. प्रस्ताब नं १ माथी छलफल गर्दा यस नगरपालिकाको सोह्रौं (१६ औं) नगरसभा अधिबेशन मिति २०८१।०९।२७ गते बिहान ११:०० वजे टीकापुर नगरपालिका वडा नं.५ स्थित श्री टीकापुर बहुप्राविधिक शिक्षालयको सभाहलमा बस्ने निर्णय गरियो।

प्रस्ताव नं.२ बगर ऐन माथिको छलफल सम्बन्धमा।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा थप अध्ययन गरि आगामी २०८१।९।२२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्रस्ताव नं.३ योवजना संशोधन सम्बन्धमा।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु. | क्र. स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | सिकलसेल अस्पताल संचालन तथा व्यवस्थापन | ४०,००,०००।- | १ | शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र जाने सडक तथा अन्य पूर्वाधार निर्माण | टीकापुर-१ | ९,८०,०००।- | |
| | | | २ | शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र भवनको ट्रस निर्माण र पार्टिसन कार्य | टीकापुर-१ | ८,२०,०००।- | |
| २ | भानु चोक स्थित सार्वजनिक शौचालय परिसर र उत्तर तिरको सार्वजनिक स्थलमा ब्लक बिछ्याउने कार्य | २०,००,०००।- | ३ | भानु चोक स्थित सार्वजनिक शौचालय परिसरको सौन्दर्यकरण तथा वाटोमा ईटा सोलिंग कार्य | टीकापुर-१ | २०,००,०००।- | |
| ३ | वडा भित्र रहेका विभिन्न बाटोहरु सिमांकन तथा मोटो मसिनो ग्राभेल गर्ने कार्य | ६,००,०००।- | ४ | वेलुवा चौराहा देखि गर्भा चौधरीको घर सम्मको वाटो मसिनो ग्राभेल गर्ने कार्य | टीकापुर-७ | २,००,०००।- | |
| | | | ५ | बनदेवी थान देखि कुन्तीपुर मोहना ढिक सम्मको वाटो मिसनो ग्राभेल गर्ने कार्य | टीकापुर-७ | २,००,०००।- | |
| | | | ६ | वेलुवा स्थित राम स्वरुप चौधरीको घर देखि पथरैया जाने वाटो मिसनो ग्राभेल गर्ने कार्य | टीकापुर-७ | २,००,०००।- | |
| ४ | खोप केन्द्र व्यवस्थापन | ५०,०००।- | ७ | शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन | वडा नं.५ | ५०,०००।- | |
| ५ | औलो, कालाजार, डेंगु लगायत अन्यसरुवा रोग तथा भैपरि आउने विविध कार्यक्रम औलो र स्प्रे | ३,५०,०००।- | ८ | औलो, कालाजार, डेंगु लगायत अन्यसरुवा रोग तथा भैपरि आउने विविध कार्यक्रम औलो र स्प्रे | कार्यालय | २,००,०००।- | |
| | | | ९ | CBIMNCI कार्यक्रम समिक्षा स्थलगत अनुशिक्षण | कार्यालय | १,५०,०००।- | |
| ६ | सिकलसेल अस्पतालका कर्मचारीहरुको तलब भत्ता | ४५,६०,०००।- | १० | शहरी स्वास्थ्य प्रवर्धन तथा सिकलसेल केन्द्र व्यवस्थापन खर्च | कार्यालय | २३,८०,००० | |
| | | | | शहरी स्वास्थ्य प्रवर्धन तथा सिकलसेल केन्द्रका कर्मचारीहरुको तलब भत्ता | कार्यालय | २१,८०,०००।- | |
| ७ | विपद सम्बन्धी पूर्व तयारी जनचेतना कार्यक्रम | ७०,०००।- | ११ | कार्यालय सामग्री खरिद | टीकापुर-२ | ७०,०००।- | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | घण्टाघर देखि उद्योग वाणिज्य सम्मको कुलो र जमरा कुलोको वेल्ट सौन्दर्यिकरण कार्य | ७,००,०००।- | १२ | गुलाब फुलका बोट बिरुवा खरिद तथा बृक्षारोपण गर्ने कार्य | टीकापुर-१ | ७,००,०००।- | |
| ९ | घरेलु तथा साना उद्योग प्रवर्धन गर्न साझेदारीमा उपकरण खरिद अनुदान | ७,००,०००।- | १३ | जनता संग मेयर उप मेयर कार्यक्रम | टीकापुर-१-९ | ७,००,०००।- | |
| १० | टीकापुर पार्कमा प्रधानमन्त्री तथा मुख्य मन्त्री वाटिका निर्माण | २५,००,०००।- | १४ | टीकापुर पार्कमा संग्रालय निर्माण | टीकापुर-५ | ६७,५०,०००।- | |
| ११ | टीकापुर पार्कमा संग्रालय निर्माण | ४२,५०,०००।- | | | | | |

प्रस्ताव नं.४ टीकापुर विमानस्थल सम्बन्धमा ।
निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा थप अध्ययन गरि आगामी २०८१।९।२२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५ विदेश भ्रमण सम्बन्धमा ।
निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा डब्लु.डब्लु.एफ.नेपालको आयोजनामा लाओस देशको ओत/उदवा संरक्षणका लागि समुदायको जीविकोपार्जन तथा अभिभावकत्व सवलीकरण परियोजना अन्तर्गत जलीय जैविक विविधता संरक्षण अध्ययन तथा अवलोकन भ्रमण यहि २०८१ फाल्गुण २५ देखि २०८१ चैत्र १ गते सम्मको ७ दिने बैदेशिक भ्रमणमा यस नगरपालिकावाट नगर प्रमुख श्री रामलाल ड.थारु र वातावरण तथा विपद व्यवस्थापन शाखामा कार्यरत अधिकृत छैटौ श्री निर्मला चौधरीको अन्तराष्ट्रिय भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ मुक्त कमैया कम्लहरी कार्यविधि मस्यौदा समिति तयारी सम्बन्धमा ।
निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा यस क्षेत्रमा रहेका मुक्त कमैया, मुक्त कम्लरीहरुको लागि कार्यविधि निर्माण गर्न तपसिल बमोजिमका पदाधिकारी रहेको मुक्त कमैया, मुक्त कम्लरी सम्बन्धि कार्यविधिको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

<u>मुक्त कमैया कम्लहरी कार्यविधि मस्यौदा समिति</u>

| पद | नाम |
|---|---|
| संयोजक | लालबिर चौधरी-(वडा नं ४ अध्यक्ष ) |
| सदस्य | मन्जु बि.क.-(कार्यपालिका सदस्य ) |
| सदस्य | बाबुराम चौधरी- (मुक्त कमैया) |
| सदस्य | बिन्द्रा चौधरी-(मुक्त कम्लरी) |
| सदस्य | सिता चौधरी - (मुक्त कमैया समाज) |
| सदस्य | प्रेमलाल चौधरी- (विधायन समिति संयोजक) |
| सदस्य | केशर बहादुर थापा-(कानुन अधिकृत) |
| सदस्य | मोहन बि.क-(वडा नं १ अध्यक्ष - आमन्त्रीत) |
| सदस्य | वालाराम भट्टराई -(अधिवक्ता बिज्ञ-आमन्त्रीत) |
| सदस्य | पशुपति चौधरी-( मुक्त कमैया- आमन्त्रीत) |

प्रस्ताव नं.७ कृषि हाटबजार तथा पार्कको फोटोग्राफिको ठेक्काको न्यूनतम रकम तोक्ने सम्बन्धमा ।
निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं.७ सत्ति र वडा नं.१ मा रहेका कृषि हाटवजारवाट सञ्चालन तथा व्यवस्थापनका लागि एकमुष्ट ठेक्कामा लगाउने व्यवस्था मिलाउने साथै न्युनतम ठेक्का अंक वार्षिक रु.५,००,०००।- (पाँचलाख) मु.अ.कर वाहेक ठेक अंक कायम गर्ने साथै नियमन, आवश्यक संरचना आदिको मर्मत सम्भार लगायतका कार्यका लागि कृषिसेवा शाखा लाई तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ स्थानीय आर्थिक विकास प्रबर्धन समिति गठन सम्बन्धमा ।
निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा आर्थिक विकास प्रबद्र्धनका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ५२ (१) बमोजिम तपसिल बमोजिमको स्थानीय आर्थिक विकास प्रवद्र्धन समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यविधिमा रहेको व्यवस्था | पद | तोकिएको व्यक्ति/संघ/संस्था | कैफियत |
|---|---|---|---|---|
| क | स्थानीय तहको प्रमुख वा अध्यक्ष | संयोजक | नगर प्रमुख | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ख | स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | सदस्य | नगर उपप्रमुख | |
| ग | स्थानीय तहको आर्थिक विकास समितिको संयोजक | सदस्य | आर्थिक विकास समितिको संयोजक | |
| घ | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य | | |
| ङ | उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ, संस्थाहरुको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य | टीकापुर उद्योग वाणिज्य संघ | |
| च | स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरु मध्येबाट संयोजकले तोकेको | सदस्य | सहकारीहरु | |
| छ | स्थानीय तहमा रहेका बैकहरुमध्येबाट संयोजनकले तोकेको १ जना प्रतिनिधि | सदस्य | | |
| ज | स्थानीय तहमा सवैभन्दा बढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना | सदस्य | | |
| झ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत, टी.न.पा | |

प्रस्ताव नं. औद्योगिक ग्राम स्थापनाका लागि पूर्व सम्भाब्यता अध्ययन गर्ने सम्बन्धमा ।
निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा थप अध्ययन गरि आगामी २०८१।९।२२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१० विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ दोस्रो अध्यावधि २०८१ स्वीकृत सम्बन्धमा ।
निर्णय नं.१० प्रस्ताव नं.१० माथी छलफल गर्दा यर नगरपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ दोस्रो अध्यावधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११ नदीजन्य पदार्थको लागि प्राविधिक तोक्ने सम्बन्धमा ।
निर्णय नं.११ प्रस्ताव नं.११ माथी छलफल गर्दा चालु आ.व.२०८१।०८२ मा नदीजन्य पदार्थ संग सम्बन्धीत सम्पुर्ण कार्य गर्न, जिम्मेवारी पाएका सम्बन्धीत वडाका असिस्टेन्ट सब ईन्जिनियर, सब ईन्जिनियर, ईन्जिनियरलाई नै तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.१२ अटोरिक्सा/इं–रिक्सा संचालन कार्यविधि सम्बन्धमा ।
निर्णय नं.१२प्रस्ताव नं.१२ माथी छलफल गर्दा थप अध्ययन गरि आगामी २०८१।९।२२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१३ वन संरक्षण समिति संगको सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।
निर्णय नं.१३ प्रस्ताव नं.१३ माथी छलफल गर्दा केही सम्झौताका सर्तहरु हेर फेर गरि आ.व.२०८१/०८२ का लागि सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१४ साहित्य समाज टीकापुरको भवन र टीकापुर ८ कोलबन्जरीको सामुदायिक भवनको जग्गाका एकिन गर्ने सम्बन्धमा ।
निर्णय नं.१४ प्रस्ताव नं.१४ माथी छलफल गर्दा वडा समितिको निर्णय सहित आगामी २०८१।९।२२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१५ विभिन्न गुरुयोजना पारित सम्बन्धमा ।
निर्णय नं.१५ प्रस्ताव नं.१५ माथी छलफल गर्दा टीकापुर पार्क (टीकापुर वृहत पार्क) भित्र संग्रालय निर्माण,प्रधानमन्त्री तथा मुख्यमन्त्री बिश्राम बाटिका,ध्यान योग केन्द्र र रेष्टुरेन्ट निर्माण कार्यको लागि तयार गरिएको विस्तृत परियोजनाको इन्जिनियरिङ्ग परियोजना प्रतिबेदन तयार गर्ने जिम्मेवारी प्राप्त गरेको परामर्स दाता फर्म श्री शर्मा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि, काठमान्डौं-३२, कोटेश्वर बाट तयार गरी पेश भएको बिस्तृत इन्जिनियरिङ्ग परियोजना प्रतिबेदन स्वीकृत गरि क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१६ टीकापुर महोत्सवलाई आर्थिक सहयोग सम्बन्धमा ।
निर्णय नं.१६ प्रस्ताव नं.१६ माथी छलफल गर्दा टीकापुर सामाजिक, आर्थिक विकासको उद्देश्य राखि टीकापुर उद्योग बाणिज्य संघलाई टीकापुरद्वारा यही मिति २०८१।०९।२५ गते देखि २०८१।१०।०६ गते सम्म आयोजना हुन लागेको टीकापुर महोत्सव,२०८१ तथा थारु कल्याणकारीणी सभा द्वारा आयोजना हुने धारू गाउँ मेलाका लागि तपसिल बमोजिम खर्च रकम अनुदान दिने निर्णय गरियो ।

तपसिल

| क्र.म | आयोजना तथा कार्यक्रमको नाम | बिनियोजन रकम रू. | श्रोत | कार्यान्वयन बिधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | टीकापुर महोत्सव तथा व्यापार मेला | ७,००,००० | आन्तरिक श्रोत | टीकापुर उद्योग बाणिज्य संघ | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | धारु कल्याणकारीणी सभा धारू गाउँ (टीकापुर महोत्सव तथा व्यापार मेला) | १,५०,००० | आन्तरिक श्रोत | धारु कल्याणकारीणी सभा धारू गाउँ | |
| | जम्मा रकम रू | ८,५०,००० | | | |

प्रस्ताव नं.१७ नगर भित्रका पर्यटकीय र सांकृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्धनका लागि व्यवस्थापन खर्च शिर्षक सम्बन्धमा।
निर्णय नं.१७ प्रस्ताव नं.१७ माथी छलफल गर्दा पर्यटकीय र सांकृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्धनका लागि विनियोजित बजेटबाट आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरि निम्नानुसार रकम विनियोजन गरी क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.स | कार्यक्रमको नाम | बिनियोजन रकम रू. | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | पदम प्रकाशेश्वर महादेश मन्दिरको व्यवस्थापन खर्च, टीकापुर-७ | १,५०,०००।- | नगर भित्रका पर्यटकीय र सांकृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्धन | |
| २ | कैलाशेश्वर शिव मन्दिरको व्यवस्थापन खर्च, टीकापुर-१ | १,५०,०००।- | नगर भित्रका पर्यटकीय र सांकृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्धन | |

प्रस्ताव नं.१८ विद्यालयको पूर्वाधार निर्माण समबन्धमा।
निर्णय नं.१८ प्रस्ताव नं.१८ माथी छलफल गर्दा यस नगरपालिका भित्रका तपसिल बमोजिमका विद्यालयहरूको विविध पूर्वाधार निर्माणका लागि निम्नानुसार रकम विनियोजन गर्ने र क्रमस कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | विनियोजीत रकम रु. | श्रोत | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरस्वती आधारभूत विद्यालय (टिकापुर - १) | १,५०,००० ।- | आन्तरिक श्रोत | | |
| २ | कर्णालेश्वर आधारभूत विद्यालय (टिकापुर - १) | ३,००,००० ।- | आन्तरिक श्रोत | | |
| ३ | कर्णाली आ.वि.तोली गाँउ श्रीलंका (टिकापुर - ८) | १,००,००० ।- | आन्तरिक श्रोत | | |

प्रस्ताव नं.१९ "घ"वर्ग निर्माण इजाजत तथा नविकरण सम्बन्धमा।
निर्णय नं.१९ प्रस्ताव नं.१८ माथी छलफल गर्दा यस कार्यालयमा दर्ता भएका "घ"वर्ग निर्माण इजाजतहरुको वार्षिक रुपमा नविकरण गर्ने सम्बन्धी सम्पुर्ण कामको जिम्मेवारी योजना अनुगमन तथा तथ्यांक शाखालाई दिने र चन्द्र कन्सट्रक्सन, चन्द्र ट्रेडिङ एण्ड अर्डर सप्लायर्स लाई नियमानुसार दस्तुर लिइ नविकरण गर्ने गर्ने निर्णय गरियो।

प्रस्ताव नं.२० प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना स्वीकृत गर्ने सम्बन्धमा ।
निर्णय नं.२० प्रस्ताव नं २० माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०८१/०८२ का लागि वडाबाट सिफारिस भई आएका तपसिल बमोजिमका आयोजनाहरु मध्येबाट वडाकार्यालयको प्राथमिकताक्रम अनुसार प्राथमिकिकरणमा परेका ८१ जना बेरोजगार व्यक्तिहरु मार्फत आयोजनाहरुमा काम गर्ने गरि तपसिल बमोजिमका आयोजना स्वीकृत गर्ने निर्णय गरियो .

| क्र.स. | आयोजनाहरुको नाम | क्षेत्र | वडा | बजेट | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | वडा नं. १ | | | | |
| १ | ज्ञानीकुलो सरसफाई (मूल इन्टेक देखि गणेशपुर हुदै शान्ति नेपाल नजिक इन्टेक सम्म) | कृषि तथा सिचाई | | | |
| २ | उत्तर बनगाउ कुलो सरसफाई (ब्लक १७,१९,१४,१३,६,७,२४,२५ हुदै बनगाउ सरस्वती मा.वि सम्म ) | कृषि तथा सिचाई | | | |
| ३ | बिच बनगाउँ कुलो सरसफाई (शान्ति नेपाल नजिक देखि कर्णाली मा.वि. उत्तर हुदै बिचपुरुवा जाने कालोपत्रे सडक सम्म) | कृषि तथा सिचाई | | | |
| ४ | बिच बनगाउ कुलो सरसफाई (शान्ति नेपाल नजिक देखि कर्णाली मा.वि दक्षिण हुदै बीचपुरुवा हुदै मगर संघको घर सम्म) | कृषि तथा सिचाई | | | |
| ५ | बन्द्रैया नाला सरसफाईको कार्य | कृषि तथा सिचाई | | | |
| ६ | टीकापुर बहुमुखी क्याम्पसको जग्गाको विचको कुलो सरसफाई कार्य (ब्लक ३० गणेश रावलको घर उत्तरको पक्कि कल्भर्ट , ज्ञानेन्द्र शाहको घर, गण बीच हुदै समितिपुर, औधोगिक क्षेत्र, करुणा स्कुलको कुलो पशु हाट बजार सम्म ) | कृषि तथा सिचाई | | २१३७६०० | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | अरबरुवा कल्भर्ट नजिक ब्लक नं.९ को पिपल चौतारो देखि दिपेन्द्र भण्डारीको घर हुदै खक्रौला सडक जोड्ने पक्कि सडकको दाया बाया कच्ची नाली खन्ने र सरसफाईको कार्य | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ८ | वडा नं.२ को कार्यालय देखि एअरपोर्ट- बर्गिस स्कुलको उत्तर हुदै ब्लक ९,१० अरबरुवा झरन- लम्कीपुल सम्म सरसफाई गर्ने कार्य | कृषि तथा सिचाई | वडा नं.१ | | ३२ जना |
| ९ | ब्लक नं.३० प्रल्हाद रावलको घर हुदै सशस्त गणको दक्षिण , समितिपुर हुदै मिल देखि हमार खाजा घरको पश्चिम हुदै जमरा सम्म सरसफाई | कृषि तथा सिचाई | | | |
| १० | खक्रौला सडकको पक्कि कल्भर्ट देखि केशरी पानी उद्योग हुदै भगैरया गाउ बन्द्रैया नालाको उत्तर तर्फ हुदै हिम्मतपुर जाने कुलो सरसफाइको कार्य | कृषि तथा सिचाई | | | |
| ११ | जानकी सिमाना देखि दुर्गानगर गाउँको दक्षिण तर्फ (.....सुधार केन्द्र भएर भगैरया हुदै ज्योतिनगर स्कुलको उत्तर बन्द्रिया नाला सम्मको कुलो सरसफाइको कार्य | कृषि तथा सिचाई | | | |
| १२ | नयाँ नेपाल आधारभूत विद्यालय नजिक अधुरो रहेको पक्कि नाला देखि एकतापुर बस्तीको विच हुदै ललित थापाको गाई फर्मको उत्तर हुदै कृषि कलेज हुदै ज्ञानी कुलो सम्मको कुलो सरसफाईकोकार्य | कृषि तथा सिचाई | | | |
| १३ | जानकी सिमाना देखि दुर्गानगर गाउँको उत्तर तर्फको (योग केन्द्र भएर खक्रौला सडक सम्मको कुलो सरसफाईकोकार्य | कृषि तथा सिचाई | | | |
| १४ | बजार क्षेत्रका विभिन्न ब्लकहरुका भित्रि कच्ची तथा पक्कि नाला सरसफाइको कार्य | कृषि तथा सिचाई | | | |
| १५ | टीकापुर बंगला पार्क सरसफाईको कार्य | पर्यटन | | | |
| | वडा नं. २ | | | | |
| १ | राजिपुर, बिष्टटोल, सितापुरको बीचमा पर्ने झरन सरसफाई तथा पानी निकास कार्य | कृषि तथा सिचाई | | | |
| २ | बन्दीपुर मगरटोलको बाटाहरु सिमांकन तथा नाला सरसफाई कार्य | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ३ | वडा न.२ मा विभिन्न बाटोहरु सिमांकन गरि बाटो निकाल्ने कार्य | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ४ | कोठारपुरमा विभिन्न बाटोहरुका नाली सरसफाई कार्य | कृषि तथा सिचाई | वडा नं.२ | ३३४००० | ५ जना |
| | वडा नं.३ | | | | |
| १ | टीकापुर नगरपालिका वडा नं.३ मा रहेका बिभिन्न बाटोको गौलर खन्ने कार्य | स्वास्थ्य तथा सरसफाई | | | |
| २ | टीकापुर नगरपालिका वडा नं.३ कटानपुरको मसानघाट भित्रको झाडी सरसफाई गर्ने कार्य | स्वास्थ्य तथा सरसफाई | | | |
| ३ | टीकापुर नगरपालिका वडा नं.३ मा रहेका सामुदायिक विद्यालय परिसर भित्रको सरसफाई गर्ने कार्य | स्वास्थ्य तथा सरसफाई | | | |
| ४ | टीकापुर नगरपालिका वडा नं.३ मा रहेका विभिन्न झरनहरु सफाई (खन्ने) कार्य | शिक्षा तथा सरसफाई | वडा नं.३ | ३३४००० | ५ जना |
| ५ | टीकापुर नगरपालिका वडा नं.३ मा कालोपत्रे भएका बाटोका दायाँबायाँ किनारामा वृक्षारोपन कार्यक्रम | वन तथा जलाधार | | | |
| | वडा नं.४ | | | | |
| १ | जुम्लिपुर स्थित राम प्रसाद धितालको घर देखि कोदैपुर हुदै आम्बसाको सिमाना सम्म र कोदैपुर चोक हुदै मौरनिया गाउको विभिन्न बाटोमा खानेपानी पाइपको लागी नाली खन्ने काम | | | | |
| २ | इन्द्रैया स्थित खक्रौला रोड देखि गाउ भित्रका बिभिन्न बाटोमा खानेपानी पाइपको लागी नाली खन्ने कार्य | ग्रामिण खानेपानी | | | |
| ३ | बाघमारा ज्ञानी चोक देखि जमरा टोल सम्म खानेपानीको पाइप लाइनको लागी नाली खन्ने कार्य | | वडा नं.४ | ७३४८०० | ११ जना |
| | वडा नं.५ | | | | |
| १ | पार्क व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्य | पर्यटन | वडा नं.५ | ४००८०० | ६ जना |
| २ | झरन सरसफाई समबन्धी कार्य | कृषि तथा सिचाई | | | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | शाहिपुरको बाटो निर्माण सम्बन्धी कार्य | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| | वडा नं.६ | | | | |
| १ | ओखरपुर देखि पानीमुला हुदै परसेनी जाने बाटो रेखांकन र सिमांकन गर्ने | सडक निर्माण तथा मर्मत सम्भार | वडा नं.६ | ४६७६०० | ७ जना |
| २ | नारायणपुर देखि विपी निकुन्ज जाने बाटो सिमांकन | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ३ | वडा कार्यालय परिसर सरसफाई | स्वास्थ्य तथा सरसफाई | | | |
| ४ | स्वास्थ्य चौकी परिसर सरसफाई | स्वास्थ्य तथा सरसफाई | | | |
| | वडा नं. ७ | | | | |
| १ | बेलुवा साईफन देखी खडक क्षेत्रीको घर नजिकको कल्भर्टसम्म झरन खन्ने र सफा गर्ने कार्य | सडक निर्माण तथा मर्मत सम्भार | वडा नं.७ | ४६७६०० | ७ जना |
| २ | सिद्ध साउदको घरदेखी वडा नं ९को सिमानासम्म झरन खन्ने सफा गर्ने कार्य | कृषि तथा सिचाई | | | |
| ३ | प्रतिभा साउदको घरदेखी कल्भर्टसम्म झरन खन्ने र सफा गर्ने कार्य। | कृषि तथा सिचाई | | | |
| ४ | बेलुवा ट्रान्सफर्मर देखी पश्चिम टेक बहादुर मल्लको पोखरी सम्म झरन खन्ने र सफा गर्ने कार्य। | कृषि तथा सिचाई | | | |
| ५ | सोमनाथको घरदेखी टेक ब मल्लको पोखरीसम्म झरन खन्ने र सफा गर्ने कार्य । | कृषि तथा सिचाई | | | |
| | वडा नं.८ | | | | |
| १ | वडा कार्यालयबाट धोज बहादुर साउदको घर सम्मको झरन खन्ने कार्य . | कृषि तथा सिचाई | वडा नं.८ | २६७२०० | ४ जना |
| २ | कर्मीडाडा हुदै तिमिल्सैन जाने झरन खन्ने | कृषि तथा सिचाई | | | |
| ३ | अरुणा देखि फाटा गाउँ सम्मको झरन खन्ने | कृषि तथा सिचाई | | | |
| | वडा नं.९ | | | | |
| १ | झरन, नाला सरसफाई तथा सडकको वरिपरी भएका झारपातहरु सरसफाई गरिनुका साथै बाटोमा भएका खाल्टाखुल्टी पुर्ने | सडक निर्माण तथा मर्मत सम्भार | वडा नं.९ | २६७२०० | ४ जना |
| | जम्मा बजेट रु. ५४१०८००.०० | | | | |

प्रस्ताव नं.२१ आ.व.२०८१/०८२ मा सुचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण सुची सार्वजनिक गर्ने सम्बन्धमा .

निर्णय नं.२१ प्रस्ताव नं २ माथि छलफल गर्दा यस आ.व. २०८१/०८२ मा सुचिकृत बेरोजगार व्यक्तिहरुको सुची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६ को बुदा नं.११ अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ को उपदफा (४) बमोजिम रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सुचिकृत भएका १७४४ जना व्यक्तिहरुमध्ये बाट प्राथमिकिकरणमा परेका ८१ जना बेरोजगार व्यक्तिहरु सहित वडा मार्फत सिफारिस भई आएका आयोजनाहरुमा काम गर्ने गरि सुची सार्वजनिक गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२२ सिप तथा क्षमता विकास तालिम संचालन गर्ने सम्बन्धमा .

निर्णय नं.२२ प्रस्ताव नं.२२ माथि छलफल गर्दा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, संशोधीत २०७९ को परिच्छेद ५ तर्फको सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शन अनुरुप कार्य अघि बढाउने र वडा नं १, ८ र ९ नं वडा मा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्ये बाट ४० जना लाई युवारुप अन्तर्गतका आयोजना संचालन गर्दा आवश्यक खण्डमा थप अन्य वडा मार्फत बेरोजगार व्यक्ति छनौट गरि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, शंसोधित २०७९ को दफा ६१ मा उल्लेखका बिषय मध्येबाट डकर्मी र प्लम्बर सम्बन्धि चालिस दिने कार्यस्थलमा आधारित सीप विकास तालिम र दश दिने जीवन उपयोगी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner